# जिल्ला प्रशासन कार्यालय रामेछापबाट जारी भएको सवारी पास सम्बन्धी

## <u>अत्यन्त जरुरी सूचना</u>

<u>१५ बैशाख २०७७</u>

प्रस्तुत सन्दर्भमा विश्वभर महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (Covid-19) को संक्रमणबाट सुरक्षित रहनको लागि नेपाल सरकारको मिति २०७६/१२/०९ को निर्यण अनुसार जारी वन्दावन्दी (Lock Down) हाल सम्म पनि कार्यान्वयनमा रहेको व्यहोरा जानकारी नै छ । यस प्रकारको Lock Down आदेश जारी भएको अवधिभर सवारी पास विना कुनै पनि सवारी साधनहरु आवागमन गर्न नपाउने व्यहोरा पनि अवगत नै छ ।

सोहि सन्दर्भमा विगत केहि दिन देखि सवारी पास विना पनि यात्रुवाहक सवारी साधनहरुको आवागमन भईरहेको पाइएको हुँदा नेपाल सरकार मन्त्रिपरिषदको निर्णय, उच्चस्तरीय समन्वय समितिको निर्णय तथा गृह मन्त्रालयको च.नं. ३६५४ मिति २०७७/०१/१५ को पत्रको निर्देशन वमोजिम जिल्ला प्रशासन कार्यालयबाट जारी भएको सवारी पास विना अत्यावश्यक सेवाका वाहेक कुनै पनि प्रकारका (दुइ पाङ्ग्रे, चार पाङ्ग्रे, साना, ठुला सबै) यात्रुबाहक सवारी साधनको आवागमनमा मिति २०७७/०१/१६ गते विहान देखि अर्को व्यवस्था नभए सम्मलाई **पुर्ण रुपले रोक लगाइएको व्यहोरा जानकारी गराईन्छ** । अत्यावश्यक सेवा संचालनमा प्रयोग हुने सवारी साधनका लागि जारी हुने सवारी अनुमति पत्र सम्बन्धि कार्यविधि, २०७६ वमोजिम मात्र सावरी पास जारी हुने हुँदा अत्यावश्यक काम परेमा सोको पुष्ट्याई हुने कागजात र सम्बन्धित निकायको सिफारीसको आधारमा यस कार्यालबाट उपलब्ध गराइएको सवारी पासको आधारमा मात्रै सवारी आवगमन गर्नुहुन अनुरोध छ ।

यदि सवारी पास नलिई सवारी आवागमन गरेमा यस कार्यालयबाट उपलब्ध गराईएको सवारी पास **अनुगमन गर्दा अत्यावश्यक काममा प्रयोग भएको नपाईएमा वा उद्देश्य विपरीत दुरुपयोग भएको पाइएमा कानुन बमोजिम कारवाहि हुने व्यहोरा समेत** यसै सुचना द्धारा सम्बन्धित सवैमा सुचित गरिन्छ ।

२०७७/०१/१५

रुद्रा देवी शर्मा
प्रमुख जिल्ला अधिकारी